राक्सिराङ्ग गाउँपालिका
गाउँ कार्यपालिका,चैनपुर, मकवानपुर
बैठक संख्या : ०६/२०८१/०८२

मिति : २०८१/०८/२४ गते सोमबार
समय : बिहान ११:०० बजे

आज मिति २०८१ मंसीर २४ गते सोमबार बिहान ११:०० बजे गाउँ कार्यपालिकाको अध्यक्ष श्री राजकुमार मल्ल ज्युको अध्यक्षतामा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको आ.ब. २०८१/०८२ को छैठौं बैठक बसी निम्नानुसारको निर्णय गरियो :

उपस्थिति

| सि.नं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री राजकुमार मल्ल | |
| २ | उपाध्यक्ष | श्री बनस्तम थिङ | |
| ३ | सदस्य | श्री बाबी राम मुक्तान, वडा अध्यक्ष-१ | |
| ४ | सदस्य | श्री बुद्ध राम मुक्तान, वडा अध्यक्ष-२ | |
| ५ | सदस्य | श्री उत्तम वाइवा, वडा अध्यक्ष-३ | |
| ६ | सदस्य | श्री संजय कोईराला, वडा अध्यक्ष-४ | |
| ७ | सदस्य | श्री हरि बहादुर प्रजा, वडा अध्यक्ष-५ | |
| ८ | सदस्य | श्री अकल बहादुर मोक्तान, वडा अध्यक्ष-६ | |
| ९ | सदस्य | श्री राम बहादुर प्रजा, वडा अध्यक्ष-७ | |
| १० | सदस्य | श्री युसाई प्रजा, वडा अध्यक्ष-८ | |
| ११ | सदस्य | श्री रामकुमार वाल्वा थिङ, वडा अध्यक्ष-९ | |
| १२ | सदस्य | श्री सुजता दमाई | |
| १३ | सदस्य | श्री सजिना मुक्तान नेपाली | |
| १४ | सदस्य | श्री शुशिला सुनार | |
| १५ | सदस्य | श्री शान्ता कुमारी अर्याल | |
| १६ | सदस्य | श्री सिङ्गलाल प्रजा | |
| १७ | सदस्य | श्री चन्द्रमान प्रजा | |
| १८ | सचिव | श्री देब चन्द्र गर्तौला | |

# सम्भावित कार्यसूची

बैठक संख्या : ०६/२०८१/०८२

मिति : २०८१/०८/२४ गते सोमबार
समय : बिहान ११:०० बजे

राक्सिराङ्ग गाउँपालिकाको अध्यक्ष श्री राजकुमार मल्लज्युको अध्यक्षतामा बस्ने राक्सिराङ्ग गाउँ कार्यपालिकाको आ.व. २०८१/०८२ को छैठौं बैठकमा छलफलका सम्भावित विषयवस्तुहरु

१. गत वैठकका निर्णयहरुको समीक्षा सम्वन्धमा ।
२. मासिक आय ब्यय प्रतिवेदन सम्बन्धमा।
३. कार्यविधिहरु स्वीकृत गर्ने सम्बन्धमा ।
४. सडक सरसफाई तथा मर्मत सम्भार रकम भुक्तानी सम्बन्धमा ।
५. विभिन्न योजनाहरुको म्याद थप, संशोधन तथा भेरियसन आदेश स्वीकृत गर्ने सम्बन्धमा ।
६. DPR प्रतिवेदनहरु स्वीकृत सम्बन्धमा ।
७. रकम विनियोजन तथा योजना संचालन सम्वन्धमा ।
८. राक्सिराङ्ग नगर प्रहरीको सेवा सुविधा सम्बन्धमा ।
९. धिराङ्ग आधारभूत विद्यालय राक्सिराङ्ग ७ को जग्गा प्राप्ति सम्बन्धमा ।
१०. विविध सम्बन्धमा ।

............................
देव चन्द्र गर्तौला
(प्रमुख प्रशासकीय अधिकृत)

**राक्सिराङ्ग गाउँपालिका**

गाउँ कार्यपालिका,चैनपुर, मकवानपुर

बैठक संख्या : ०६/२०८१/०८२

मिति : २०८१/०८/२४ गते सोमबार

समय : बिहान ११:०० बजे

निर्णय नं. १:

गत बैठकहरुबाट भए गरेका निर्णयहरुको समीक्षा गरी कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई यथाशीघ्र कार्यान्वयन गर्ने ।

निर्णय नं. २:

राक्सिराङ्ग गाँउपालिकाको आर्थिक वर्ष २०८१/०८२ को मिति २०८१।०८।२३ सम्मको कुल आय व्ययको देहाय बमोजिमको विवरण अनुमोदन गर्ने ।

_क्षेत्रगत बजेट तथा खर्च

आ.व. २०८१/०८२ अवधी: २०८१/०४/०१- २०८१/०८/२३

| सि.न. | क्षेत्रउप/ क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३,२१,०२,००० | ३,१४,००० | ०.९८ |
| २ | सामाजिक विकास | २४,५८,७४,००० | ५,७४,५६,००० | २३.३६ |
| ३ | पूर्वाधार विकास | १५,४९,००,००० | ७७,७९,००० | ५.०२ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ७०,१२,००० | १,९३,००० | २.७५ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १०,६२,८५,००० | २,१७,७२,००० | २०.४८ |
| **कुल जम्मा** | | **५४,६१,७३,०००** | ८,७५,१६,००० | १६.०२ |

आय व्ययको विवरण

आ.व. २०८१/०८२ अवधी:२०८१/०४/०१- २०८१/०८/२३

| सिन. | शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) |
|---|---|---|---|---|
| १ | संघीय सरकार | २९,५५,३४,००० | ८,६०,१३,२२०००. | २९.०१ |
| २ | प्रदेश सरकार | ५,२३,४२,००० | १,३०,८५,५००००. | २५ |
| ३ | राजस्व बाडफाड | १६,५५,९६,००० | ४,२६,०२,३८०२६. | २५.७३ |
| ४ | अन्तरिक श्रोत | ३,२७,००,००० | १,५५,९०,५६२१८. | ४७.६८ |
| ५ | जनसहभागिता | ० | ० | ० |
| **जम्मा** | | **५४,६१,७३,०००** | १५,७२,९१,६६२४४. | २८.७९ |

| सिन. | शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) |
|---|---|---|---|---|
| १ | चालु | ३५,९६,०३,००० | ७,८४,८८,००० | २१.८२ |
| २ | पूंजीगत | १८,६५,७०,००० | ९०,२८,००० | ४.८३ |
| **जम्मा** | | **५४,६१,७३,०००** | ८,७५,१६,००० | १६.०२ |

निर्णय नं. ३:

राक्सिराङ्ग गाउँपालिकाका देहायका कार्यविधिहरु स्वीकृत गर्ने

क. राक्सिराङ्ग गाउँपालिकाबाट एक टोल एक उत्पादन कार्यक्रमलाई सरल सहज र व्यबस्थित गरी थप प्रभावकारी बनाउन तयार गरिएको *एक टोल एक उत्पादन कार्यक्रम संचालन कार्यविधि २०८१* स्वीकृत गर्ने ।

ख. राक्सिराङ्ग गाउँपालिकाबाट संचालन हुने विभिन्न कृषि पशुपन्छी तथा मत्य विकासका कार्यक्रमहरुलाई सरल सहज र व्यस्थित गरी थप प्रभावकारी बनाउन तयार गरिएको *कृषि पशुपन्छी तथा मत्य विकास कार्यक्रम संचालन कार्यविधि २०८१* स्वीकृत गर्ने ।

ग. राक्सिराङ्ग गाउँपालिकाको समग्र शैक्षिक व्यवस्थापन गर्नको लागि तयार गरिएको *शैक्षिक व्यवस्थापन सम्बन्धी कार्यविधि २०८१* स्वीकृत गर्ने ।

निर्णय नं. ४:

राक्सिराङ्ग गाउँपालिकाको विभिन्न वडाहरु तथा पालिकाको केन्द्र जोडने मुख्य सडकहरु सरसफाई गरी पालिकामा पेश हुन आएका देहाय बमोजिमका वडाहरुको प्राविधिक मूल्यांकन प्रतिवेदन अनुसारको रकम सम्वन्धित व्यवसायीलाई भुक्तानी गर्न कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

| वडा नं | भुक्तानी हुनुपर्ने रकम | कैफियत |
|---|---|---|
| १ | ५,२९,००० | |
| २ | ५,७०,००० | |
| ३ | ३,२३,००० | |
| ४ | ५,४६,००० | |
| ६ | ६,१६,००० | |
| ७ | ४,७३,००० | |
| ९ | ९,८८,००० | |

निर्णय नं. ५:

क. राक्सिराङ्ग गाउँपालिकाको निर्माणाधीन चेपाङ्ग संग्राहलय भवनको निर्माण अवधी ठेक्का म्याद मिति २०८१ चैत्र मसान्तसम्म थप गर्ने ।

ख. राक्सिराङ्ग गाउँपालिकाको निर्माणाधीन रहेको प्रशासकीय भवनको निर्माण कार्य समयमै सम्पन्न गराउनका लागि अत्यावश्यक रहेका Item हरु थप गरी प्राविधिक शाखाबाट पेश भई आएको प्रतिवेदन तथा कार्यालय र निर्माण व्यवसायी बीच भएको Rate Negotiation बैठक बमोजिम भेरिएशन आदेश स्वीकृत गर्ने।

ग. राक्सिराङ्ग गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ मा स्वीकृत देहायका योजना तथा कार्यक्रमहरु आगामी गाउँसभाबाट अनुमोदन हुने गरी संशोधन गर्ने ।

| सि.नं. | साविक योजनाको नाम | बजेट रकम | संशोधन हुने योजनाको नाम |
|---|---|---|---|
| १ | भुमेथुम सडक स्तरीकरण राक्सिराङ्ग १ | ७००००० | दुङ्गु भुमेथुम सडक DPR निर्माण |
| २ | महिला लक्षित सिलाई तथा व्युटिपालर तालिम | ५००००० | तालिम हल ट्रस निर्माण तथा मर्मत, राक्सिराङ्ग ९ |
| ३ | महाकाली आ.वि मर्मत योजना | १००००० | महाकाली आ.वि फर्निचर खरिद राक्सिराङ्ग ९ |
| ४ | ताउती स्याउली भन्ज्याङ्ग खानेपानी योजना | २००००० | पार्सिवाङ्ग रुन्चिवाङ्ग पेल्ट्रिकसेट मर्मत राक्सिराङ्ग ९ |

निर्णय नं. ६:

राक्सिराङ्ग गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को गौरबका योजना अन्तर्गत स्वीकृत कार्यक्रम बमोजिम देहायका परामर्शदातृ संस्थाहरुबाट पेश हुन आएका देहायका परामर्श कार्यको प्रतिवेदन स्वीकृत गर्ने ।

देहायः

| सि.नं. | कार्यको विवरण | परामर्शदाताको नाम |
|---|---|---|
| १ | Preparation of Detailed Engineering, Survey, Detailed Design and Detailed Project Report (DPR) of Gingu-Raksirang-Todke- Bhimbung Tourism Road | Synergy Engineering Consultants Pvt. Ltd., Ravibhawan, Kathmandu-14 |
| २ | Consultancy Service for Option Study, Detail Survey, Design, Estimate and DPR Preparation Of Brumdi Tautalang Kokhari and Pairang Todke Gaujurang Zip Line | S Team Consultancy Services, Hetauda-2 |

निर्णय नं. ७:

क. आर्थिक वर्ष २०८१।०८२ को लागि लघु उद्यम विकास कार्यक्रममा स्वीकृत भएको वार्षिक बजेटबाट देहाय अनुसारको कार्यक्रम स्वीकृत गर्ने ।

| क.सं. | क्रियाकलाप | लक्ष्य | बजेट प्रतिशत रेन्ज (निर्देशिका) | वास्तविक बजेट प्रतिशत | रकम रु. |
|---|---|---|---|---|---|
| १ | उद्यम विकासका लागि सामाजिक परिचालन | ४५ | ३.००% | ३.००% | ६१८०० |
| | उद्यमशीलता विकास तालिम | ३० | ७-९% | | १४४२०० |
| | प्राविधिक सीपमुलक तालिम प्रदान | ३५ | ३५-४१% | ३६.००% | ५९१६०० |
| | उपयुक्त प्रविधि पहुँच तथा हस्तारण | २० | १५-१८% | १५.००% | २४३३४८ |
| | लघु कर्जामा पहुँच | २५ | ३-४% | ३.००% | ६१८०० |
| | बजारीकरण सेवा | २० | ३-५% | ३.००% | ६१८०० |
| २ | उद्यम विकास सहजकर्ता | २ | २४-३३% | ३३.००% | ८९५४५२ |
| | कुल बजेट | | | | २०६०००० |
| ४ | भैरहेको उद्यमीहरुको लागि पुन:ताजाकी कार्यक्रम | २५ | १००.००% | १००.००% | २००००० |
| ५ | उपर्युक्त प्रविधि हस्तान्तरण | | १००.००% | १००.००% | १४०००० |
| | १,२,३,४ र ५ अनुसार | | जम्मा रकम | | २४००००० |

ख. बागमती प्रदेश कृषि विकास निर्देशनालय/ पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय हेटौंडा मकवानपुरबाट आर्थिक वर्ष २०८१/०८२ का लागि स्वीकृत कार्यक्रम अनुसार समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यान्वयनका लागि यस गाउँपालिकाको वडा नं ०२ लाई तरकारी बाली तथा वडा नं ०९ का लागि बाख्रा प्रवर्द्धनका लागि वडा छनौट गर्ने र स्थानीय तहबाट व्यहोर्नुपर्ने लागत सहभागिता सुनिश्चित समेत सिफारिस गरि पठाउने ।

ग. राक्सिराङ्ग गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ मा प्राप्त हुने स्रोतबाट व्यहोर्ने गरी देहायका योजना तथा कार्यक्रमहरुमा तपशील बमोजिम रकम विनियोजन गर्ने ।

| सि नं | योजनाको नाम | रकम |
|---|---|---|
| १ | चेपाङ न्वागी सांस्कृति डकुमेन्ट्री निर्माण | रु ८०.००० |
| २ | सम्बृद्ध राक्सिराङ्ग रेडियो कार्यक्रम | रु १,००,००० |
| ३ | सामाजिक परीक्षण | रु २,००,००० |

घ. फुटबल क्लब मनहरी बाट संचालन हुने दोस्रो स्व. गोकुल राउत स्मृती नकआउट फुटबल प्रतियोगिताका लागि युवा तथा खेलकुद कार्यक्रमबाट रु २५,००० आर्थिक सहयोग उपलब्ध गराउने ।

ङ. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व २०८१/०८२ का लागी आई.डि.ए तर्फको श्रोत बाट वडा नं ५ का लागी रु ६,९६,०००/- विनियोजन भएकोमा, तपशिल वमोजिमका ३ वटा रोजगार योजना संचालन गर्ने ।

| क्र.स | योजनाको नाम | विनियोजित रकम |
|---|---|---|
| १ | लिसि दमार सानो लापुर गोरेटो बाटो निर्माण तथा मर्मत | २,६७,२००/- |
| २ | कुत्तासिङ्ग देखि घैयाडाँडा गोरेटो बाटो निर्माण तथा मर्मत | २,२८,४००/- |
| ३ | सोमकाट देखि चिउरी भञ्याङ्ग गोरेटो बाटो निर्माण तथा मर्मत | २,००,४००/- |

**निर्णय नं. ८:**

यस गाउँपालिकाको नगर प्रहरी गठन संचालन तथा व्यवस्थापन कार्यविधि बमोजिम तोकिएको पारिश्रमिकका अलावा नगर प्रहरीहरुलाई राशन वापत प्रतिमहिना प्रतिव्यक्ति रु ४५०० इन्धन बापत मासिक २० लिटर पेट्रोल तथा पोशाक बापत वार्षिक रु १०००० प्रतिव्यक्तिका दरले सुविधा प्रदान गर्ने ।

**निर्णय नं. ९:**

राक्सिराङ्ग गाउँपालिका वडा नं ७ धिराङ्गस्थित श्री धिराङ आधारभूत विद्यालयको लागि जिल्ला मकवानपुर राक्सिराङ्ग गाउँपालिका वडा नं ७ बस्ने भानु प्रजाको नाती श्री रामलाल प्रजाको छोरा श्री जगत बहादुर प्रजाको नाममा दर्ता श्रेष्ता कायम रहेको कित्ता नं ५३ को जग्गा क्षेत्रफल १५-१-३-३ (ज.रो) मध्ये उत्तर पूर्व तर्फबाट ३-०-०-० (ज.रो) क्षेत्रफल जग्गा निज जगत बहादुर प्रजाले निशुल्क उपलब्ध गराउन मन्जुर भएको हुँदा सो जग्गा प्राप्तिको लागि स्वीकृती प्रदान गर्ने र सो जग्गा नामसारी लगायतका कार्यको लागि विद्यालयका प्रधानाध्यापक श्री श्यामबाबु चौधरी लाई अख्तियारी प्रदान गर्ने ।

उपरोक्त व्यहोराको पेश हुन आएको प्रस्तावहरुलाई सर्वसम्मत निर्णय गरियो ।

| | | | |
|---|---|---|---|
| (सुजता दमाई)<br>कार्यपालिका सदस्य | (सजिना मुक्तान नेपाली)<br>कार्यपालिका सदस्य | (शुशिला सुनार)<br>कार्यपालिका सदस्य | (शान्ता कुमारी अर्याल)<br>कार्यपालिका सदस्य |

| | | | |
|---|---|---|---|
| (सिङ्गलाल प्रजा)<br>कार्यपालिका सदस्य | (चन्द्रमान प्रजा)<br>कार्यपालिका सदस्य | (बावी राम मुक्तान)<br>वडा अध्यक्ष | (बुद्ध राम मुक्तान)<br>वडा अध्यक्ष |
| (उत्तम वाइवा)<br>वडा अध्यक्ष | (संजय कोइराला)<br>वडा अध्यक्ष | (हरि बहादुर प्रजा)<br>वडा अध्यक्ष | (अकल बहादुर मोक्तान)<br>वडा अध्यक्ष |

| | | |
|---|---|---|
| (राम बहादुर प्रजा)<br>वडा अध्यक्ष | (युसाई प्रजा)<br>वडा अध्यक्ष | (राम कुमार वाल्वा थिङ)<br>वडा अध्यक्ष |

| | |
|---|---|
| (बनस्तम थिङ)<br>उपाध्यक्ष | (राजकुमार मल्ल)<br>अध्यक्ष |